# नेपाल राष्ट्र बैंक
# विदेशी विनिमय व्यवस्थापन विभाग
## विदेशी लगानी वापतको विदेशी मुद्रा भित्र्याउने, लेखांकन गराउने र लाभांश लैजान दिइएको स्थायी सटही अनुमतिपत्र बारेको सूचना
**(प्रथम पटक प्रकाशित मिति २०७३।१२।...)**

प्रचलित कानुन बमोजिम सम्बन्धित निकायबाट स्वीकृति लिई विदेशी लगानीमा स्थापना हुने फर्म/कम्पनी/उद्योगले विदेशी लगानीकर्ताले शेयरमा गर्ने लगानी वापतको विदेशी मुद्रा भित्र्याउने, लेखांकन गराउने, लाभांश लैजाने तथा विदेशी लगानी फिर्ता लैजाने सम्बन्धमा यस बैंकले विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १०क, १०ख र १०ग मा भएको व्यवस्था बमोजिम वि.सं.२०५९, वि.सं.२०६८ वि.सं.२०६९ र वि.सं.२०७१ सालमा सूचना जारी गरिसकेको व्यहोरा विदितै छ । तथापि, यदाकदा केही फर्म कम्पनी उद्योगले सम्बन्धित सरकारी निकायबाट स्वीकृति लिई तर यस बैंकको पूर्व स्वीकृति नलिई विदेशी लगानी वापतको विदेशी मुद्रा भित्र्याउने गरेको र केही फर्म कम्पनी उद्योगले यस बैंकबाट स्वीकृति लिई विदेशी लगानी भित्र्याई सकेको तर हालसम्म पनि यस बैंकमा लेखाङ्कन गराएको नपाइएकोले त्यस्ता सम्बन्धित फर्म, कम्पनी उद्योगलाई तोकिएको प्रकृया पुरा गरी विदेशी लगानी भित्र्याउनु पूर्व यस बैंकको स्वीकृति लिन र उपरोक्तानुसार भित्र्याईसकेको विदेशी लगानीको हकमा देहाय बमोजिमको कागजात तथा प्रकृया पुरा गरी अनिवार्यरुपमा लेखाङ्कन गराउनको लागि आगामी २०७४ असार मसान्तसम्ममा यस बैंक समक्ष निवेदन पेश गर्नुहुन यो सार्वजनिक सूचना पुनः प्रकाशित गरिएको छ । सो अवधिभित्र आवश्यक कागजात सहित निवेदन दिई लेखाङ्कन नगराउने फर्म/कम्पनी/उद्योगलाई लाभांश वा लगानी फिर्ता गर्नका लागि विदेशी मुद्राको सटही सुविधा उपलब्ध गराउन यस बैंक बाध्य नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

**<u>लेखाङ्कन गराउँदा पुरा गर्नुपर्ने प्रकृया तथा कागजात :</u>**

(क) विदेशी लगानीकर्ताले नेपालमा बिदेशी लगानीको रुपमा लगानी गर्न प्रचलित कानुन वमोजिम सम्बन्धित निकायबाट प्राप्त स्वीकृति पत्र
(ख) लगानी लेखाङ्कन गराउने सम्बन्धमा संस्थाको निर्णय
(ग) यस बैंकबाट विदेशी मुद्रा भित्र्याउन प्राप्त स्वीकृति (स्वीकृति लिएको भएमा)
(घ) विदेशी लगानी नेपाल भित्रिएको सम्बन्धमा सम्बन्धित बैंकबाट जारी भएको लगानीको प्रमाणपत्र वा प्रमाण
(ङ) लगानी भित्र्याउने फर्म/कम्पनी/संस्था कर्जा सूचना केन्द्रको कालोसूचीमा नरहेको प्रमाण
(च) प्रबन्धपत्र तथा नियमावली, व्यवसाय दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, अद्यावधिक कर चुक्ता गरेको प्रमाणपत्र
(छ) व्यवसाय सञ्चालन गर्न सम्बन्धित निकायबाट इजाजत लिनुपर्ने भएमा त्यस्तो इजाजतपत्र
(ज) विदेशी लगानीकर्ता फर्म/कम्पनीको दर्ता प्रमाणपत्र र व्यक्तिको हकमा राहदानी वा त्यस्तै प्रकृतिका पहिचान खुल्ने कागजात
(झ) लगानी गर्ने सम्बन्धमा विदेशी लगानीकर्ता फर्म, कम्पनीको निर्णय
(ञ) लगानी भित्र्याउने संस्थाको लेखापरीक्षण भएको अद्यावधिक वित्तीय विवरण
(ट) लगानी गर्ने विदेशी संस्थाको हकमा लेखापरीक्षण भएको वित्तीय विवरण
(ठ) कम्पनी रजिष्ट्रारको कार्यालयद्वारा प्रमाणित अद्यावधिक शेयरधनी दर्ता किताब
(ड) यस बैंकले आवश्यक ठानी माग गरेका स्रोत खुल्ने कागजात तथा अन्य विवरण
(तर एक पटक पेश भइसकेका कागजातहरु पुनः पेश गर्नु पर्ने छैन ।)

यस बैंकबाट विदेशी लगानी भित्र्याउन स्वीकृति पाएका फर्म/कम्पनी/उद्योगले भित्र्याएको शेयर तथा ऋण लगानीको विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिनाभित्र यस विभागमा पेश गरी अद्यावधिक गराउनुपर्नेछ । एक पटक विवरण अद्यावधिक गराएपछि उक्त विवरणमा परिवर्तन नभएसम्म सोही विवरण पुनः पेश गर्नुपर्ने छैन । तर, लगानीमा (लगानी रकम, शेयर स्वामित्व, लगानी संरचना आदि) परिवर्तन भएमा त्यस्तो विवरण समेत पेश गरी लेखाङ्कन अद्यावधिक गराउन पर्नेछ ।

साथै, विदेशी लगानीमा प्राप्त लाभांश वा विदेशी मुद्राको ऋणको साँवा वा व्याज भुक्तानी गर्न यस अघि यस बैंकले विभिन्न फर्म/कम्पनी/उद्योग र बैंक तथा वित्तीय संस्था समेतलाई प्रदान गरेको सम्पूर्ण स्थायी सटही अनुमतिपत्र यसै सूचनाद्वारा रद्द गरिएको छ र भविष्यमा यस किसिमका रकम भुक्तानी गर्ने प्रयोजनका लागि यस बैंकबाट स्वीकृति लिनुपर्ने व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

**कार्यकारी निर्देशक**
**विदेशी विनिमय व्यवस्थापन विभाग**
**वालुवाटार काठमाण्डौ**